# पर्यटक यातायात सेवा व्यवसाय दर्ता तथा सञ्चालन कार्यविधि,२०६८

| | |
|---|---|
| | **मा. मन्त्रीज्यूवाट स्वीकृत मिति** |
| **पर्यटक यातायात सेवा व्यवसाय दर्ता तथा सञ्चालन कार्यविधि, २०६८** | **२०६८।०३।०३** |
| **संशोधनहरु** | |
| **पर्यटक यातायात सेवा व्यवसाय दर्ता तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०६९** | **२०६९** |
| **पर्यटक यातायात सेवा व्यवसाय दर्ता तथा सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०६९** | **२०६९।०८।२४** |
| **पर्यटक यातायात सेवा व्यवसाय दर्ता तथा सञ्चालन (तेस्रो संशोधन) कार्यविधि, २०७३** | **२०७३।०४।०५** |

पर्यटकलाई प्रदान गरिने पर्यटक यातायात सेवा व्यवसायलाई स्तरीय, व्यवस्थित व्यवसायिक तथा पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनिय भएकोले,

नेपाल सरकार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले देहाय बमोजिमको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पर्यटक यातायात सेवा व्यवसाय दर्ता तथा सञ्चालन कार्यविधि, २०६८" हुनेछ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा बाहेक यस कार्यविधिमाः**

क) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

•(क१) "विभाग" भन्नाले पर्यटन विभाग सम्झनु पर्छ ।

ख) "पर्यटक यातायात सेवा" भन्नाले पर्यटकलाई यातायात सेवा प्रदान गर्न यस कार्यविधि बमोजिम इजाजत प्राप्त पर्यटक यातायात व्यवसायीबाट उपलब्ध गराउने पर्यटक यातायात सेवा सम्झनु पर्छ ।

ग) "व्यवसायी" भन्नाले पर्यटक यातायात सेवा उपलब्ध गराउनको लागि यस कार्यविधि बमोजिम इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ ।

घ) "पर्यटक सवारी " भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ बमोजिम पर्यटक सवारीको रुपमा दर्ता भएको पर्यटक सवारी सम्झनु पर्छ ♣र सो शब्दले विमानस्थलबाट माल सामान ओसार पसार गर्ने मालवाहक सवारी सेवालाई समेत जनाउनेछ ।

♣(घ १.) "मालवाहक सवारी सेवा" भन्नाले कार्गो गरिएका सामान विमानस्थलबाट सवारी साधनमा राखी ओसार पसार गर्ने सेवा सम्झनु पर्छ ।

ङ) "इजाजतपत्र" भन्नाले यस कार्यविधि बमोजिम दिइएको पर्यटक यातायात ♣वा मालवाहक सवारी सेवा सञ्चालन इजाजतपत्र सम्झनुपर्छ ।

---

• तेश्रो संशोधनद्वारा थप

♣ दोश्रो संशोधनद्वारा थप

३. **पर्यटक यातायात ♣वा मालवाहक सवारी सेवा सञ्चालन ईजाजतपत्र :** १) नेपाल राज्यभित्र वा बाहिर विदेशी पर्यटकहरुका लागि पर्यटक परिवहन सेवा सञ्चालन गर्न चाहने प्रचलित कानून बमोजिम गठन भएको फर्म वा कम्पनीले इजाजत प्राप्त गर्न अनुसूची-१ बमोजिमको कागजात सहित अनुसूची-२ बमोजिमको ढाँचामा ♠विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) मुख्य कार्यालय बाहेकको अन्य स्थानमा थप शाखा कार्यालय सञ्चालन गर्न चाहने व्यवसायीले अनुसूची-३ बमोजिमको कागजात सहित ♠विभागमा दरखास्त दिनु पर्नेछ ।

४. **दर्ता सिफारिश :** इजाजतपत्र प्राप्त गर्नको लागि फर्म वा कम्पनीले घरेलु तथा साना उद्योग विभाग वा कार्यालयमा दर्ता सिफारिस पाउन अनुसूची-४ बमोजिमको कागजात तथा विवरण सहित ♠विभागमा दरखास्त पेश गर्नु पर्नेछ ।

५. **ईजाजतपत्र तथा अनुमति दिने:** (१) दफा ३ को उपदफा (१) बमोजिम प्राप्त हुन आएको दरखास्त ♠विभागले जाँचबुझ गर्दा मनासिब देखिएमा दरखास्तवालालाई अनुसूची -५ बमोजिमको ढाँचामा पर्यटक परिवहन ♣वा मालवाहक सवारी सेवा सञ्चालन इजाजत पत्र दिनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिम प्राप्त हुन आएको दरखास्त ♠विभागले जाँचवुझ गर्दा मनासिव देखिएमा दरखास्तवालालाई थप शाखा कार्यालय सञ्चालन गर्ने अनुमति दिनेछ ।

(३) यस कार्यविधि वमोजिम प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनकोलागि ♠विभाग समक्ष निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिएको निवेदन मनासिव देखिएमा ♠विभागले दुइ सय रुपैंया दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनेछ ।

६. **इजाजतपत्रको अवधि र नवीकरण :** ♠(१) इजाजतपत्रको अवधि इजाजतपत्र जारी भएको मितिले पाँच वर्षसम्म वहाल रहनेछ । इजाजतपत्र नवीकरण गराउन चाहने व्यक्ति वा फर्मले इजाजतपत्रको अवधि र बैंक ग्यारेन्टीको अवधि कायम रहदै इजाजतपत्र बराबरको नवीकरण दस्तुर सहित अनुसूची- ६ बमोजिमको विवरण सहितका कागजात संलग्न गरी नवीकरणको लागि विभागमा दरखास्त दिन सक्नेछ ।

♠(२) उपदफा (१) बमोजिमको म्याद समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरण गर्न आएमा तीन हजार रुपैयाँ र सो अवधि पनि समाप्त भएको मितिले नौ महिनाभित्र पुनःनवीकरण गर्न आएमा नौ हजार रुपैयाँ जरिवाना लिई विभागले नवीकरण गरिदिन सक्नेछ ।

(३) इजाजतपत्रको अवधि समाप्त भएको ♠एक वर्ष पछि नवीकरण नगराएमा इजाजतपत्र स्वतः खारेज भएको मानिनेछ ।

७. **पर्यटक सवारीको मापदण्ड :** (१) पर्यटक सवारीको मापदण्ड अनुसूची -७ बमोजिम हुनेछ ।

---

♣ दोश्रो संशोधनद्वारा थप

♠ तेश्रो संशोधनद्वारा संशोधित

(२) ♠विभागको सिफारिशमा यातायात व्यवस्था कार्यालयले उपदफा (१) बमोजिमको मापदण्ड पूरा गरेको भनि निरीक्षण प्रतिवेदन पेश गरे पश्चात त्यस्ता सवारीलाई पर्यटक सवारी साधनको रुपमा उपयोग गर्न स्वीकृति दिईनेछ ।

♠(३) उपदफा (२) बमोजिम एक पटक पर्यटक सवारीको रुपमा परिणत भएको सवारी साधनलाई कम्तीमा एक वर्ष नपुगी अन्य प्रकारको सवारी साधनमा परिणत गर्न पाईने छैन ।

(४) यस कार्यविधि प्रारम्भ हुनु पूर्व यातायात व्यवस्था कार्यालयबाट पर्यटक नम्बर प्लेट प्राप्त गरेको पर्यटक सवारी मात्र सञ्चालन गर्नु पर्नेछ ।

♣७ क. **मालवाहक सवारी सेवाको मापदण्डः** मालवाहक सवारीको मापदण्ड अनुसूची -७क. बमोजिम हुनेछ ।

८. **पर्यटक सवारी साधन सञ्चालन गर्नेले पालना गर्नु पर्ने शर्त :** इजाजतपत्र बाहकले पर्यटक यातायात सेवा सञ्चालन गर्दा अनुसूची-८ बमोजिमका शर्तहरुको पालना गर्नु पर्नेछ ।

♣८क. **मालवाहक सवारी सेवा सञ्चालन गर्नेले पालना गर्नु पर्ने शर्तः** मालवाहक सवारी सेवा सञ्चालन गर्दा अनुसुची-८क.वमोजिमका शर्तहरु पालना गरेको हुनुपर्नेछ ।

९. **पर्यटक नम्बर प्लेटमा दर्ता वा परिवर्तनका लागि सिफारिस गर्ने आधारः**(१) सवारी साधन उत्पादन भएको मितिले पाँच वर्षभन्दा बढी पुराना सवारी साधनलाई पर्यटक सवारीको रुपमा परिणत गर्न सिफारिश गरिने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक ♠विभागले अनुसूची-९ मा लेखिएका आधारमा कुनै सवारीलाई पर्यटक नम्बर प्लेटमा दर्ता वा परिवर्तनको लागि सिफारिश गर्नेछ ।

१०. **पर्यटक यातायात व्यवसायीको ठाउँसारी र शेयरधनी परिवर्तन :** (१) इजाजत प्राप्त बाहकले आफ्नो कार्यालय एक स्थानबाट अर्को स्थानमा सार्न र साविक शेयरधनी परिवर्तन गर्न अनुसूची -१० मा उल्लेखभए वमोजिमको कागजात तथा विवरण सहित ♠विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा ♠विभागले ठाउँसारी र शेयरधनी परिवर्तनको स्वीकृति दिनेछ ।

११. **अनुगमन, निरीक्षण, प्रतिवेदन तथा निर्देशनः** (१) व्यवसायीले व्यवसाय सञ्चालन गर्दा यस कार्यविधि बमोजिमको सेवा पुऱ्याए नपुऱ्याएको सम्बन्धमा ♠विभागले समय समयमा आवश्यक अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) व्यवसायीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अनुसूची-११ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गरी ♠विभागमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षणबाट र उपदफा (२) बमोजिमको प्रतिवेदनबाट कैफियत देखिन आएमा सो विषयमा आवश्यक सुधार गर्न ♠विभागले सम्बन्धित व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन पालन गर्ने गराउने जिम्मेवारी सम्बन्धित व्यवसायीको हुनेछ ।

---

♠ तेश्रो संशोधनद्वारा संशोधित

♣ दोश्रो संशोधनद्वारा थप

१२. **<u>इजाजतपत्रको निलम्बन तथा खारेजी:</u>** (१) कुनै व्यवसायीले यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको उलङ्घन गरेमा ♠<u>विभागले</u> आवश्यक छानविन गरी त्यस्तो व्यवसायीको इजाजतपत्र खारेज गर्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बद्ध व्यवसायीलाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको छानविन तथा उपदफा (२) बमोजिमको सफाई पेश गर्ने समयमा ♠<u>विभागले</u> आवश्यक ठानेमा त्यस्तो व्यवसायीको इजाजत निलम्वन गर्ने आदेश जारी गर्न सक्नेछ ।

१३. **<u>सिफारिश माग गर्न सक्ने</u>**: यस नियमावलीको कार्यान्वयनको सन्दर्भमा ♠<u>विभागले</u> आवश्यक ठानेको विषयमा पर्यटन यातायात व्यवसायी संघको सिफारिश माग गर्न सक्नेछ ।

---

♠ तेश्रो संशोधनद्वारा संशोधित

## अनुसूची-१

(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

**<u>ईजाजतपत्रको लागि पेश गर्नु पर्ने कागजातको विवरण</u>**

(क) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) दुईलाख रुपैयाँ बराबरको मन्त्रालयको नाममा पाँच वर्ष अवधिको बैंक ग्यारेन्टी,

(ग) कम्पनीको हकमा पच्चिसलाख रुपैयाँ चुक्ता वा चालु पूँजी खुल्ने शेयर लगत किताब वा कागज प्रमाण, र फर्मको हकमा पन्ध्र लाख रुपैयाँ चुक्ता वा जारी पूँजी खुल्ने शेयर लगत किताब वा कागज प्रमाण ,

(घ) दसहजार रुपैयाँ बुझाएको बैंक भौचर रसिद,

•(ङ) कम्पनी वा फर्मको नाममा कम्तीमा पाँचवटा पर्यटक स्तरको सवारी देखिने प्रमाण । तर यस अघि इजाजत प्राप्त फर्म/कम्पनीको हकमा दुई वर्षभित्र न्यूनतम सवारी साधन पुऱ्याउने गरी इजाजत नविकरण गर्न सकिनेछ ।

• तेश्रो संशोधनद्वारा थप

## अनुसूची-२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा**

♠श्री पर्यटन विभाग ।

**विषय : इजाजत पाउँ ।**

म निवेदक पर्यटक यातायात ♣वा मालवाहक सवारी व्यवसाय सञ्चालन गर्न देहायको विवरण खुलाई यो दरखास्त गरेको छु ।

१. पर्यटक यातायात ♣वा मालवाहक सवारी व्यवसायीको:-

क) नाम :-

ख) ठेगाना :-

ग) शेयर धनी / प्रोपाइटरको नाम र विवरण:-

| क्र.सं. | नाम थर, उमेर ठेगाना | शेयर वा हिस्सा रकम /प्रतिशत |
|---|---|---|
| | | |
| | | |
| | | |

२. पर्यटक यातायात ♣वा मालवाहक सवारी सेवा व्यवसायमा लगानी गरेको पूँजी :-

क) अधिकृत पूँजीः-

ख) जारी पूँजीः-

ग) चक्ता पूँजी :-

घ) स्थिर पूँजीः-

ङ) चालु पूँजीः-

च) फर्म भए फर्मको जायजेथाः-

३. पर्यटक यातायात ♣वा मालवाहक सवारी सेवा व्यवसायको शाखा कार्यालय खोल्ने भएमा :

क) संख्या र स्थानः

४. आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित पर्यटक वा (ट्रिप) संख्या तथा अनुमानित आम्दानी सम्बन्धी विवरण :

| वर्ष | पर्यटक (वा ट्रिप) संख्या | नेपाली वा विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख देशहरु |
|---|---|---|---|
| प्रथम | | | |
| दोश्रो | | | |
| तेस्रो | | | |

५. प्रस्तावित जनशक्तिको विवरणः

| संख्या | प्रशासनिक कर्मचारी | लेखापाल | चालक | सहचालक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

♠ तेश्रो संशोधनद्वारा संशोधित

♣ दोश्रो संशोधनद्वारा थप

६. सवारी साधनको प्रस्तावित विवरणः

| सवारी साधन | संख्या | क्षमता ( सि.सि.मा) | खरिद गर्ने | भाडामा लिने | सीट संख्या | प्रयुक्त इन्धन | सुरक्षासम्बन्धी विशेषताहरु |
|---|---|---|---|---|---|---|---|
| बस | | | | | | | |
| मिनिबस | | | | | | | |
| माइक्रोबस | | | | | | | |
| कार | | | | | | | |
| जिप | | | | | | | |
| अन्य | | | | | | | |

७. अन्य आवश्यक कुनै कुरा भए.........................................................

८. संलग्न गर्नु पर्ने कागजातः

क) कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि ।

ख) फर्म दर्ता भएको प्रमाणपत्र ।

ग) प्रोपाइटर, साझेदारी वा संस्थापक शेयर धनीको नेपाली नागरिकताको प्रतिलिपि ।

घ) ∇..................................

ङ) प्रोप्राइटर, साझेदारी वा संस्थापक शेयर धनीका २।२ प्रति फोटो सहितको व्यक्तिगत विवरण।

च) शर्त सम्बन्धी कबुलियतनामा ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ , झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको

सहीः

नाम, थरः

पूरा ठेगानाः

मितिः

∇ तेश्रो संशोधनद्वारा झिकिएको

## अनुसूचीः-३

शाखा कार्यालय स्थापना गर्न पेश गर्नु पर्ने विवरण

**(दफा ३ को उपदफा (२) संग सम्बन्धित)**

१) कम्पनी रजिष्ट्रारको कार्यालयमा शाखा सञ्चालनको अभिलेख गरिएको प्रमाण ,

२) अघिल्लो तीन आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र /आय विवरण दाखिला गरेको प्रमाण,

३) विगत तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन, र

४) तोकिएको समयमा आवधिक प्रतिवेदन पेश नभएकोमा प्रति आवधिक प्रतिवेदन नब्बे दिनभित्र भए एक हजार रुपैयाँ र त्यसपछिको दुईहजार रुपैयाँका दरले बिलम्व दस्तुर वुझाएको भौचर रसिद ।

## अनुसूची-४

दर्ता सिफारिशको लागि पेश गर्नु पर्ने कागजात

**(दफा ४ सँग सम्बन्धित)**

१) एकसय रुपैयाँ दरखास्त दस्तुर

२) कम्पनीको हकमा पच्चिस लाख रुपैयाँ चालु वा चुक्ता पूँजी भएको र फर्मको हकमा कम्तिमा पन्ध्रलाख रुपैयाँ चुक्ता पूँजी भएको दर्ता प्रमाणपत्र, प्रवन्धपत्र र नियमावली,

३) सञ्चालकहरुको व्यक्तिगत विवरण र नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

४) सञ्चालकहरुको फोटो दुई /दुई प्रति , र

५) सञ्चालकहरु ♠विभागमा उपस्थित भई गरेको शर्तसम्बन्धी कागजात र एक भन्दाबढी सञ्चालकहरु भएकोमा ती मध्ये कुनै एकजना सञ्चालकलाई शेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए कागजात ।

♠ तेश्रो संशोधनद्वारा संशोधित

**अनुसूची-५**

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**पर्यटक परिवहन ♣वा मालवाहक सवारी सेवा सञ्चालन ईजाजत पत्र**

**इजाजत पत्र**

श्री ...................................

........................................

तपाईलाई पर्यटक यातायात ♣वा मालवाहक सवारी सेवा व्यवसाय सञ्चालनको काम गर्न यो इजाजत पत्र दिईएको छ।

(१) इजाजत पत्र प्राप्त व्यक्तिको, -

(क) नाम, थर :

(ख) ठेगाना :

(ग) धनी र संस्थापन शेयरधनी र प्रोप्राइटरको नाम र विवरण :

(२) पर्यटक यातायात ♣वा मालवाहक सवारी सेवा व्यवसायको, -

(क) नामः

(ख) मूल कार्यालय रहने ठेगानाः

(ग) शाखा कार्यालय रहने ठेगानाः

**कार्यालयको छाप**

इजाजतपत्र दिने अधिकारी -

सही :

नाम, थर :

पद :

कार्यालय :

मिति :

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |
| | | | | |

♣ दोश्रो संशोधनद्वारा थप

## अनुसूची - ६

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**इजाजतपत्र नवीकरण गर्दा पेश गर्नुपर्ने कागजात तथा विवरण**

(क) फर्मको हकमा फर्म नवीकरण गरेको प्रमाणपत्र,

(ख) अघिल्लो तीन आर्थिक वर्षको आय विवरण दाखिल गरेको प्रमाण र कर चुक्ता प्रमाणपत्र,

(ग) इजाजतपत्र पाउनको लागि पेश गरेको बैंक ग्यारेण्टीको अवधि नटुटाई थप पाँच वर्षको बैंक ग्यारेण्टी,

(घ) विगत तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) बार्षिक प्रगति प्रतिवेदन,

(च) शेयरधनी फेरबदल भएको कम्पनीको हकमा हाल कायम रहेका शेयरधनीको विवरण (शेयर लगत),

(छ) पर्यटक सवारी ♣वा मालवाहक सवारी साधन नवीकरण गरेको प्रमाण,

(ज) पर्यटक सवारी साधनहरुको ♣वा मालवाहक सवारी सेवाको सवारी प्रदुषण जाँच पासको प्रमाणित प्रतिलिपि ।

♣ दोश्रो संशोधनद्वारा थप

## अनुसूची-७

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

**पर्यटक सवारीको मापदण्ड**

(१) नेपाल सरकारले तोकेबमोजिमको यूरो मापदण्ड पूरा भएको हुनु पर्नेछ।

(२) चालकसहितको सिट संख्या पाँच वा सो भन्दा बढी सिटको हुनु पर्नेछ।

(३) ♠सवारी साधन कम्तिमा एक हजार सि.सि.को हुनु पर्नेछ ।

(४) ♠सवारी साधनमा विद्युत, पेट्रोल, डिजेल, ग्याँस, सोलार र अन्य वातावरणमैत्री इन्धन प्रयोग गर्न सकिनेछ

(५) वातानुकूलका लागि Air Conditioned जडान भएको हुनु पर्नेछ।

(६) ♠सवारी साधनहरुमा सुरक्षाका विभिन्न साधनहरुः First Aid Box, Fire Extinguisher र Seat Belt जडान भएको हुनुपर्नेछ।

(७) सवारी साधनको आयु खुलाउनु पर्ने छ,

(८) प्रत्येक बर्ष सवारी प्रदूषण जाँचपास गराई सोको निस्सा ♠विभागमा पेश गर्नु पर्नेछ।

(९) सवारी साधनको बीमा, सवारी चालक, सह-चालक, पर्यटक, यात्रु र तेश्रो पक्षको दुर्घटना वीमा गरेको हुनुपर्ने छ।

(१०) सवारी साधनमा रेडियो, म्युजिक प्लेयर हुनु पर्नेछ।

(११) सवारी साधनको सीट आरामदायी र सुविधायुक्त हुनु पर्नेछ।

---

♠ तेश्रो संशोधनद्वारा संशोधित

## ♣अनुसूची-७क

(दफा ७क. सँग सम्बन्धित)

**मालवाहक सवारी सेवाको मापदण्ड**

(१) मालवाहक पिकअप वा भ्यान : १००० सि.सि., वा सो भन्दा माथिको हुनु पर्नेछ।

(२) मालवाहक सवारी साधनमा पेट्रोल वा डिजेल प्रयोग हुने सवारी साधन हुनु पर्नेछ।

(३) सवारी साधनमा सुरक्षाका विभिन्न साधनहरु First Aid Box, Fire Extinguisher हुनु पर्नेछ।

(४) पे-लोड एक टन क्षमताको भ्यान वा पिकअप हुनु पर्नेछ।

(५) सवारी साधनको आयु खुलाउनु पर्नेछ।

(६) प्रत्येक बर्ष सवारी प्रदूषण जाँचपास गराई सोको निस्सा विभागमा पेश गर्नु पर्नेछ।

(७) सवारी साधनको बीमा, सवारी चालक, सह-चालक र तेश्रो पक्षको दुर्घटना वीमा गरेको हुनुपर्नेछ।

♣ दोश्रो संशोधनद्वारा थप

## अनुसूची-८

(दफा ८ सँग सम्बन्धित)

**पर्यटक सवारी सञ्चालनका शर्तहरु**

(क) पर्यटक सवारीको रुपमा दर्ता भएका सवारी मात्र सञ्चालन गर्नु पर्नेछ।

(ख) दफा ७ बमोजिमको मापदण्ड पूरा भएको सवारी साधन मात्र सञ्चालन गर्नु पर्नेछ।

(ग) दफा ८ बमोजिम तोकेको शर्तको पालना गर्नु पर्नेछ।

(घ) दफा ११ बमोजिम दिएको निर्देशन पालना गर्नु पर्नेछ।

(ङ) सवारी चालकले सवारी चलाउँदा आफ्नो परिचय पत्र साथ युनिफर्म लगाउनु पर्नेछ।

(च) सवारी चालक सामान्य अंग्रजी बोल्न जान्ने, सहयोगी, र पर्यटकलाई प्रिय बोली बोल्ने हुनु पर्नेछ।

(छ) पर्यटक सवारी साधनमा ***"पर्यटकहरुका लागि मात्र"*** भन्ने वाक्यांश अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(ज) पर्यटक सवारीमा पर्यटक बाहेकका अन्य यात्रुलाई चढाउन पाइने छैन।

(झ) व्यवसायीहरुले प्रचलित कानून बमोजिम सवारी सञ्चालन गर्नु पर्नेछ।

(ञ) सवारी तथा यातायात कार्यालयमा नियुक्त गरिने चालक, सह-चालक, कर्मचारी तथा मजदुरहरुको परिचालन प्रचलित श्रम सम्बन्धी कानून र स्वीकृत नीति निर्देशन अनुरुप गर्नु पर्नेछ।

## ♣अनुसूची-८क

(दफा ८क. सँग सम्बन्धित)

**<u>मालवाहक सवारी सेवा सञ्चालनका शर्तहरु</u>**

(क) मालवाहक सवारी सेवाको रुपमा दर्ता भएका सवारी मात्र सञ्चालन गर्नु पर्नेछ ।

(ख) दफा ७क. बमोजिमको मापदण्ड पूरा भएको सवारी साधन मात्र सञ्चालन गर्नु पर्नेछ ।

(ग) दफा ८क. बमोजिम तोकेको शर्तको पालना गर्नु पर्नेछ ।

(घ) सवारी चालकले सवारी चलाउँदा आफ्नो परिचय पत्र साथ युनिफर्म लगाउनु पर्नेछ ।

(ङ) सवारी तथा यातायात कार्यालयमा नियुक्त गरिने चालक तथा मजदुरहरुको परिचालन प्रचलित श्रम सम्बन्धी कानून र स्वीकृत नीति निर्देशन अनुरुप गर्नु पर्नेछ ।

---

♣ दोश्रो संशोधनद्वारा थप

## अनुसूची-९

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**पर्यटक सवारीको मापदण्ड**

**पर्यटक नम्बर प्लेटमा दर्ता वा परिवर्तनका लागि सिफारिश गर्ने आधारः**

(क) अनुगमन तथा निरीक्षणबाट दफा ७ बमोजिमको मापदण्ड पूरा भएको हुनु पर्नेछ,

(ख) इञ्जिन तथा च्याशिस नम्बरसहितको कम्पनी वा फर्मको नाममा दर्ता रहेको सवारी दर्ता प्रमाणको प्रतिलिपि,

(ग) चालक सहितको सीट संख्या खुलेको प्रमाणको प्रतिलिपि,

(घ) सवारी प्रदूषण जाँचपासको प्रमाणको प्रतिलिपि,

(ङ) सवारी साधन, सवारी चालक, सह-चालक, पर्यटक र तेश्रो पक्षको बीमा गरेको प्रमाणको प्रतिलिपि,

(च) सवारी कर तिरेको निस्साको प्रतिलिपि,

(छ) आवधिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाणको प्रतिलिपि ।

## अनुसूची-१०

(दफा १० सँग सम्बन्धित)

**पर्यटक यातायात व्यवसायीको ठाउँसारी र शेयरधनी परिवर्तनको लागि पेश गर्नु पर्ने कागजात**

(क) कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको प्रमाण सहितको निवेदन,

(ख) एकसय रुपैयाँ दस्तुर बुझाएको रसिद, र

(ग) आवधिक प्रतिवेदन,

(घ) लेखापरीक्षण प्रतिवेदन, र

(ङ) कर चुक्ता प्रमाण वा आय विवरण दाखिला गरेको प्रमाण ।

**अनुसूची–११**

**(दफा ११ सँग सम्बन्धित)**

**प्रतिवेदन**

♠श्री पर्यटन विभाग ।

विषयः प्रतिवेदन ।

पर्यटक यातायात व्यवसाय दर्ता तथा सञ्चालन कार्यविधि, २०६८ को प्रयोजनको लागि मिति…………………… देखि …………………… सम्मको लागि देहायको विवरण सहितको प्रतिवेदन पेश गरेको छु ।

१. नेपाल भित्र तथा बाहिर पर्यटकहरुलाई यातायात सेवा प्रदान गरिएको विवरण :-

क) भित्र :-

ख) बाहिर :-

२ . यातायात सेवा उपलब्ध गराईएका पर्यटकहरूको संख्या र राष्ट्रियता एवं परिवहन सम्बन्धी विवरण :-

| क्रम संख्या | पर्यटकको (संख्या) विवरण | राष्ट्रियता | सेवा पुऱ्याइएको स्थानको विवरण | | वास वसेको होटल |
|---|---|---|---|---|---|
| | | | कहां देखि | कहां सम्म | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

नोट :- सेवाग्रही पर्यटकको राष्ट्रियता खुलेको नाम सहितको विवरण छुट्टै पानामा संलग्न गर्नुपर्ने छ ।

३. नेपाल भित्र र बाहिर आफ्नो व्यवसायको प्रचार प्रसार गराएको विवरणः-

| उत्पादित प्रचार सामाग्री | परिमाण | प्रचार वा वितरण गरेको स्थान | पटकः |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. अन्तर्राष्ट्रिय सभा सम्मेलन आदिमा भाग लिएको विवरणः-

| | |
|---|---|
| पर्यटन मेला | |
| सेल्स मिशन | |
| पर्यटन सम्बन्धी गोष्ठी र कार्यशाला | |
| विविध | |

५. पर्यटन व्यवसाय विकासका लागि विदेशबाट आमन्त्रित व्यक्तिहरूको विवरणः-

| आमन्त्रित व्यक्तिको नाम र देश | पटक |
|---|---|
| | |

६. आय व्ययको वार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरण :-

♠ तेश्रो संशोधनद्वारा संशोधित

७.	कार्यरत कर्मचारीहरूको विवरण:-

| नाम थर | पद | दरवन्दी संख्या | नियुक्ति मिति | तलब |
|---|---|---|---|---|
| | | | | |

८.	कुल कारोवारमा मुद्रा स्थितिको विवरण :-

| स्वदेशी मुद्रा | भारतिय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|---|
| | | | |

९.	कारोवारबाट प्राप्त विदेशी मुद्राको विवरण :-

| भारतिय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|
| | | |

१०.	यस अवधिमा बुझाएको करको रकम :-

(क) आयकर:-

(ख) मुल्य अभिबृद्धि कर :-

(ग) पर्यटक सेवा शुल्क :-

११.(क) भौतिक पूर्वाधारको विवरण:-

| विवरण | | किसिम | प्रतिवेदन अवधि अगाडि | प्रतिवेदन अवधिमा थप | जम्मा |
|---|---|---|---|---|---|
| सवारी साधन | कार | | | | |
| | जिप | | | | |
| | भ्यान | | | | |
| | बस | | | | |
| | माइक्रोबस | | | | |
| | मिनिबस | | | | |
| | अन्य | | | | |
| टेलिफोन/फ्याक्स | | | | | |
| कम्प्यूटर | | | | | |
| विविध । उपकरण | | | | | |

(ख) सुविधाबाट ल्याइएका भौतिक साधनहरुको विवरण :

| विवरण | | | किसिम | प्रतिवेदन अवधि अगाडि | प्रतिवेदन अवधिमा थप | जम्मा |
|---|---|---|---|---|---|---|
| सवारी साधन | १ | सवारी नं. | | | | |
| | २ | सवारी नं. | | | | |
| विविध । उपकरण | | | | | | |
| | | | | | | |

११. पर्यटक यातायात व्यवसायीको-

(क) नाम, थर :-

(ख) ठेगाना :-

इजाजत नं.र इजाजत अवधि

इजाजतपत्र प्राप्त व्यक्तिको तर्फबाट :-

सही-

नाम थर :-

पद :-

टेलिफोनः-

फ्याक्सः-

इमेलः-

वेभसाइटः-

मिति :-